# वीरगंज महानगरपालिका
## BIRGUNJ METROPOLITAN CITY
### नगर कार्यपालिकाको कार्यालय
वीरगंज, पर्सा
मधेश प्रदेश (नेपाल)
२०७४

पत्र संख्याः-
चलानी नं.-

मितिः-२०८२/०२/०९

# सूचना सूचना सूचना

**आदरणीय भवनधनी/व्यवसाय संचालकज्यू,**

वीरगञ्ज महानगरपालिका क्षेत्रभित्रका विभिन्न बैंक, होटल, सपिङ्गमल तथा अन्य व्यवसायिक भवनहरुमा भवन निर्माण स्वीकृतिका क्रममा पार्किङ्ग सुविधा अनिवार्य रुपमा प्रदान गरिएको भएता पनि व्यवहारमा ती पार्किङ्ग स्थलहरु मूल प्रयोजन अनुसार प्रयोगमा नआएको, बन्द गरिएको, गोदाम पसल वा अन्य व्यवसायिक प्रयोजनमा आएको तथा भवन प्रयोगकर्ताहरु जस्तै कार्यालय कर्मचारी, ग्राहक र आगन्तुकहरुलाई प्रयोग गर्न नदिइएको गुनासो व्यापक रुपमा प्राप्त भइरहेको छ ।

यसले नगरभित्र सवारी साधनको अनियन्त्रित पार्किङ्ग, सडक छेउमा अनावश्यक भिडभाड र ट्राफिक जामको समस्या उत्पन्न गरिरहेको छ । नगर ट्राफिक व्यवस्थापनलाई प्रभावकारी बनाउने तथा नागरिकलाई सुविधा सम्पन्न वातावरण उपलब्ध गराउने उद्देश्यले यस सूचनामार्फत तपसिल बमोजिमका निर्देशनहरु प्रदान गरिएको छ ।

१) भवन स्वीकृतिमा उल्लेखित पार्किङ्ग स्थलहरुमा मूल प्रयोजन अनुसार प्रयोगमा ल्याउनु पर्नेछ ।
२) भवन प्रयोगकर्ताहरु (कर्मचारी, ग्राहक आदि) लाई सहज रुपमा पार्किङ्ग सुविधा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।
३) पार्किङ्ग सुविधा बन्द गरेर गोदाम, पसल वा अन्य व्यवसायिक प्रयोजनमा प्रयोग गरेमा नियमानुसार कारवाही प्रक्रिया अगाडि बढाइनेछ ।
४) ३० (तीस) दिनभित्र आवश्यक व्यवस्थापनको अद्यावधिक विवरण र फोटो प्रमाण महानगरपालिकामा पेश गर्नुहुन अनुरोध छ ।

तपाईको भवनमा रहेको पार्किङ्ग सुविधा भवन प्रयोगकर्ताहरुका लागि पूर्णरुपमा खुला गराई नगरभित्रको ट्राफिक व्यवस्थापनमा सकारात्मक योगदान गर्नु हुन विनम्र अनुरोध गरिन्छ ।

**वी.म.न.पा.कार्यालय**

"औद्योगिक तथा व्यापारिक शहर, सुसंस्कृत, सभ्य हाम्रो वीरगंज महानगर"
आदर्शनगर, वीरगंज, नेपाल , फोन : ०५१-४१८४३०, फयाक्स : ०५१-४१८०१४,
Adarsh Nagar, Birgunj(Nepal), Ph.:977-051-418430, Fax:051-418014

CamScanner